पहिलो बैठक

आज मिति २०८३।०४।२२ गते शुक्रबारका दिन सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षातामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

**तपसिल**

| सि.नं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री कृष्ण प्रसाद श्रेष्ठ | अध्यक्ष | |
| २. | श्री मिश्रा आचार्य | सदस्य | |
| ३. | श्री माधव श्रेष्ठ | सदस्य | |
| ४. | श्री दामोदर पौडेल | सदस्य | |
| ५. | श्री जम्शेर मियाँ | सदस्य | |
| ६. | श्री कृष्ण प्रसाद श्रेष्ठ | सदस्य | |
| ७. | श्री बसन्ता कुमारी कुमाल कुम्भकार | सदस्य | |
| ८. | श्री श्रीधर महत्रा क्षेत्री | सदस्य | |
| ९. | श्री चुरा बहादुर के.सी . | सदस्य | |
| १०. | श्री कृष्णा भुसाल | सदस्य | |
| ११. | श्री पदम बहादुर भुसाल | सदस्य | |
| १२. | श्री मोहन सिंह ठकुरी | सदस्य | |
| १३. | श्री चेतनारायण आचार्य | सदस्य | |
| १४. | श्री नारायण खड्का | सदस्य | |
| १५. | श्री सीता बस्नेत | सदस्य | |
| १६. | श्री लिला भुसाल | सदस्य | |
| १७. | श्री कृष्ण भुसाल क्षेत्री | सदस्य | |
| १८. | श्री शारदा परियार | सदस्य | |
| १९. | श्री मान बहादुर सुनार | सदस्य | |
| २०. | श्री सुरज वि.क. | सदस्य | |
| २१. | श्री वसन्त नेपाली | सदस्य | |
| २२. | श्री प्रमोद खनाल | सचिव | |

मिति २०८३/०४/२२ को कार्यपालिका बैंठकका निर्णयहरुः

१ सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नगर दररेटलाई पेश भए बमोजिम स्वीकृत गर्ने ।

२ वडाको सिमाना तथा संख्या हेरफेर र केन्द्र परिवर्तन पालिकाको सिमाना हेरफेर पालिकाहरु एक आपसमा गाभिने र त्यसरी गाभिए पश्चात बन्ने पालिकाको केन्द्र र नामाकरण, वडाको संख्या र सिमाना तथा केन्द्र निर्धारण र नगपालिकाको विद्यमान वर्गीकरणको हकमा हाललाई पुनरावलोकन नगरी यथावत नै रहने व्यवस्थाको लागि जिल्ला समन्वय समितिमा सिफारिस गरि पठाउने।

३ सरकारी कागजातहरु धुल्याउने नियमहरु, २०२७ को नियम ३ बमोजिम सन्धिखर्क नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको विभिन्न शाखामा काम तामेल भै स्टोरमा राखिएका विभिन्न कागजात तथा श्रेस्ताहरुमा लेखिएको व्यहोरा पढ्न बुझ्न वा त्यसको उपयोग गर्न नसकिने भै मुसा किराले खाइ मक्किन गै काम नलाग्ने भएका स्रेस्ताहरु कार्यालयले धुल्याएको/ नष्ट गरेको कार्य अनुमोदन गर्ने ।

आर्थिक वर्ष २०८२/०८३ को भुक्तानी दिन बाँकीको कच्चेबारी ( मलेपफा नं. २२१) प्रमाणित गरी भुक्तानी हुन बाँकी रकम चालु आर्थिक बर्ष २०८३/०८४ मा समावेश गरीएको रकमबाट भुक्तानी गर्ने ।

निर्णय प्रमाणित गरिएको